# विद्युत नियमावली २०८१

**प्रस्तावना : स्वदेशमा उपलब्ध जलस्रोत, सौर्य शक्ति वायु, कोइला, तेल, प्राकृतिक ग्यास, वायो ग्यास, र फोहोरजन्य पदार्थ लगायतका शक्तिजन्य प्राकृतिक स्रोतहरुको उपयोग गरी भरपर्दो स्तरिय एवम् सुरक्षायुक्त सेवा उपलब्ध गराउन कानुनी व्यवस्था गर्न वान्छनिय भएकोले सभापोखरी गाउँपालिकाले स्थानीय** सरकार **संचालन ऐन २०७४ को परिच्छेद १५ दफा १०२ को उपदफा १ र २** बमोजिम **यो नियमावलि बनाई लागू गरेको छ।**

## परिच्छेद -१
## प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भ :

क) यो नियमावलीको नाम विद्युत नियमावली, २०८१ रहने छ।

ख) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२) **परिभाषा :**

क) “गाउँपालिका” भन्नाले सभापोखरी गाउँपालिकालाई सम्झनु पर्छ।

ख) “नियमावली” भन्नाले विद्युत नियमावली, २०८१ लाई सम्झनुपर्छ।

ग) “कार्यालय” भन्नाले सभापोखरी गाउँपालिकाको गाउँकार्यपालिकाको कार्यालय र ६ वडा कार्यालयहरु समेत सम्झनुपर्दछ।

घ) “ऐन” भन्नाले विद्युत ऐन २०४९ लाई जनाउछ।

ङ) "अध्यक्ष" भन्नाले सभापोखरी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

च) “उपाध्यक्ष” भन्नाले सभापोखरी गाउँपालिका गाउँ कार्यापालिकाको उपाध्यक्षलाइ सम्झनु पर्दछ।

छ) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले सभापोरी गाउँपालिकाको गाउँ कार्यापालिकाको प्रमुख प्रशासकिय अधिकृतलाइ सम्झनु पर्छ।

ज) “कार्यापालिका”भन्नाले सभापोखरी गाउँपालिकाको कार्यापालिकालाई सम्झनु पर्दछ।

झ) “गाउँ सभा” भन्नाले संविधानको धारा २२३ को उपधारा १ बमोजिमको सभापोखरी गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ।

ञ) “पदाधिकारी”भन्नाले गाउ कार्यापालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कार्यापालिकाका अन्य सदस्य सम्झनु पर्छ।

ट) “सर्वेक्षण” भन्नाले विद्युत उत्पादन , प्रसारण तथा वितरणको लागि गरिने सर्वेक्षण कार्य सम्झनु पर्छ र सो शब्दले सम्भाव्यता अध्ययन, विस्तृत इन्जिनियरिङ्ग डिजाइनको कार्य र त्यसको लागि गरिने अन्वेषणको कार्य समेतलाई जनाउछ।

ठ) “विद्युतको उत्पाद, प्रसारण वा वितरण” भन्नाले विद्युतको उत्पादन, प्रसारण वा वितरणसंग सम्बन्धित संरचनाहरुको निर्माण, संचालन तथा मर्मत सम्भार सम्झनु पर्छ।

ड) “वितरण क्षेत्र” भन्नाले विद्युत वितरणको अनुमति पत्रमा उल्लेख गरिएको क्षेत्र सम्झनु पर्छ।

ढ) "वायरिङ्ग" भन्नाले ग्राहकको घर, कम्पाउण्ड, करकारखना वा यस्तै अन्य कुनै ठाउँमा विद्युत आपुर्तिको लागि गरिने विद्युत सामाग्री जडानको कार्य सम्झनुपर्छ ।
ण) "युनिट" भन्नाले एकहजार वाटको विद्युत शक्ति एकघण्टासम्म संचालन हुँदा खपत हुने विद्युत उर्जा सम्झनु पर्छ ।
त) "वडा" भन्नाले सभापोखरी गाउँपालिकाको ६ वटा वडा सम्झनु पर्छ ।
थ) "वडा समिति" भन्नाले नेपालको संविधान धारा २२३ को उपधारा ४ बमोजिमको वडा समिति सम्झनु पर्छ ।
द) "संविधान" भन्नाले नेपालको संविधान २०७२ सम्झनु पर्छ ।
ध) गाउँपालिकाको शाखा, उपशाखा, र इकाइ भन्नाले गाउँपलिकाको प्रशानिक संगठनत्मक स्वरुप अनुरुप स्थापना गरीएका शाखाहरु, उपशाखाहरु र इकाइहरुलाई सम्झनु पर्छ ।
न) "राजश्व" भन्नाले गाउँपालिकाले कानुन बमोजिम संकलन गर्न पाउने कर, दस्तुर, शुल्क, महशुल र सो बापतको जरिवानालाई जनाउँछ सो शब्दले जनसहभागिता बापतको रकम सरकारी तथा अन्य निकायको ऋण तथा अनुदान बापत प्राप्त रकम समेतलाई जनाउँछ ।

## परिच्छेद २
## अनुमतिपत्र सम्बधी व्यवस्था

**३) जानकारी दिनु पर्ने :** १) ऐनको दफा ३ को प्रतिबन्धात्मक बाक्यांश बमोजिम १०० देखि १००० किलोवाट सम्मको जलविद्युत सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरण गर्न चाहने व्यक्ति वा संगठित संस्थाको अनुसुचि १ बमोजिमको ढाँचामा देहायका विवरणहरु खुलाई सभापोखरी गाउँपालिकाको कार्यालयमा जानकारी दिनुपर्नेछ ।

क) परियोजनाको विस्तृत विवरण,
ख) परियोजनास्थलको नक्शा (मुख्य संरचना समेत देखिने),
ग) पानिको स्रोत र उपयोग हुने पानिको परिणाम,
घ) विद्युत वितरण गरिने क्षेत्र तथा यसबाट लाभान्वित हुने ग्राहक संख्या,
ङ) उपयोग गरिने जलस्रोतको अन्य कसैले कुनै किसिमबाट उपयोग गरे नगरेको, गरेको भए सोको विवरण
च) विद्युत नियमावलि २०५० को नियम ४ अनुसार विद्युत उत्पादनको सर्वेक्षण लागि अनुमति पत्र
छ) विद्युत नियमावलि २०५० को नियम ५ अनुसार विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्र
ज) विद्युत नियमावलि २०५० को नियम ६ अनुसार विद्युत वितरणको सर्वेक्षण अनुमतिपत्र
झ) विद्युत नियमावलि २०५० को नियम १२ को खण्ड च अनुसार कार्य भएको छ कि छैन भनि गाउँपालिको कार्यापालिकाको बैठकमा पेश गर्ने र सो को अनुगमन कार्यापालिका पदाधिकारीहरुले गर्ने
ञ) विद्युत नियमावलि २०५० को नियम १३ को खण्ड ख र छ अनुसार कार्य भएको छ कि छैन भनि गाउँपालिको कार्यापालिकाको बैठकमा पेश गर्ने र सो को अनुगमन कार्यापालिका पदाधिकारीहरुले गर्ने
ट) विद्युत नियमावलि २०५० को नियम १६ को उपनियम १, २ र ३ अनुसार कार्य भएको छ कि छैन भनि गाउँपालिको कार्यापालिकाको बैठकमा पेश गर्ने र सो को अनुगमन कार्यापालिका पदाधिकारीहरुले गर्ने

ठ) विद्युत नियमावलि २०५० को दफा ४८ को नियम १ र २ र ३ साथै नियम ४९ अनुसार कार्य भएको छ कि छैन भनि गाउँपालिको कार्यापालिकाको बैठकमा पेश गर्ने र सो को अनुगमन कार्यापालिका पदाधिकारीहरुले गर्ने ।

## परिच्छेद -३

## जग्गा प्राप्ति सम्बन्धि

**४) सुचना टाँस गरिनु पर्ने :** (१) जग्गा प्राप्तिको लागि जग्गा प्राप्ति ऐन २०३४ को दफा ६ को खण्ड ख बमोजिम सम्बन्धित वडाहरुको सुचना पार्टीमा टाँसिनुपर्ने र सुचना टाँस गरिएको जानकारी वडाले गाउँपालिकाको कार्यपालिकाको बैठकमा  दिने ।

**५) नोक्सानी बापत क्षतिपुर्ति दिने :** (१) जग्गा प्राप्ति ऐन २०३४ को दफा ६ बमोजिम  बाली, रुख, पर्खाल आदि काटेको बापतको नोक्सानी भएमा सो बापत क्षतिपूर्ति दिनुपर्नेछ ।

(२) नियम १ बमोजिम क्षतिपूर्तिको  रकम निर्धारण गर्न तपसिल को समिति बनाउन सकिने छ ।

| | |
|---|---|
| गाउँ पालिका अध्यक्ष .... | संयोजक |
| गाउँपालिका उपाध्यक्ष ....... | सदस्य |
| प्रभावित क्षेत्रका वडाअध्यक्ष .. | .सदस्य |
| प्रारम्भिक कारबाही चलाउने अधिकारी ..... | सदस्य |
| स्थानिय बासिन्दाले चुनेको एक महिला सहित २ प्रतिनिध | सदस्य |
| प्रमुख प्रसाशकिय अधिकृत ................. | सदस्य सचिव |

(३) नियम २ बमोजिमको समितिले निर्धारण गरेको क्षतिपूर्ति उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो क्षतिपूर्ति निर्धारण भएको कुराको जानकारी प्राप्त गरेको मितिले पन्ध्र दिन भित्र  प्रमुख जिल्ला अधिकाारी समक्ष उजुर गर्न सक्नेछ । र त्यस्तोमा प्रमुख जिल्ला अधिकारीको निर्णय अन्तिम हुनेछ ।

(४) जग्गा प्राप्ति ऐन २०३४ को दफा १० र ११ मा उल्लेख भए बमोजिम कार्य गर्न पर्नेछ ।

(५) जग्गा नामसारी गर्दा व्यक्तिको नाममा गर्न पाइने छैन, संस्थाको नाममा नामसारी गर्नु पर्ने छ ।

**६) मुआब्जा निर्धारण :** (१) जग्गा प्राप्ति ऐन २०३४ को दफा १३ बमोजिम गठित समितिलाई सोही दफाको खण्ड (घ) को सदस्यको संयोजकतामा  यसै नियम ५  को उपनियम अनुसार नै  मुआब्जा निर्धाण सुझाब समिति गठन गर्नुपर्ने छ ।

(२) नियम १ बमोजिम को मुआब्जा निर्धारण भएमश्चात सो जानकारी सुझाब समितिलाई र सुझाब समितिले गाउँपालिकाको कार्यपालिकाको बैठकमा जानकारी दिनुपर्ने छ ।

३) नियम ६ को उपनियम १ बमोजिम मुआब्जा निर्धारण प्रति चित्त नबुझ्ने व्यत्तिले पैंतिस दिन भित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**७) रोयल्टि बुझाउनुपर्ने :** (१) अनुमति प्राप्त व्यक्तिले प्रदेश विद्युत ऐन २०७६ को दफा  १६ को दफा १ र २ बमोजिम  हुनेछ ।

(२) अनुमति प्राप्त व्यक्ति वा संस्थाले प्रति जडित (किलोवाट) बार्षिक पाँचसय रुपैया प्रतियुनिट ( किलोवाट घण्टा) सरदर विक्रि मुल्यको पाँच प्रतिसत स्थानिय सरकारलाई बुझाउनुपर्नेछ ।

८) **सम्झौता कार्यन्वयन:** हाइड्रोपावर कम्पनि वा उत्पादन गर्ने संस्थाले स्थानिय सरकार र प्रभावित क्षेत्रका बासिन्दासंग गरिएका समजदारी तथा सम्झौतामा द्विपक्षिय वा त्रीपक्षिय हस्ताक्षर गरि सो बमोजिम सबै पक्षले पालना गर्नु पर्नेछ। सो उल्लंगन भए स्थानिय सरकारको कार्यापालिका बैठकले निर्णय गरि निर्माण, प्रसारण र त्पादन कार्य स्थगित गर्न सक्नेछ। सम्झौता गर्दा जनप्रतिधि को रोहवरमा गर्नु पर्नेछ। स्थानिय सरकार हुनु अगाडि गरिएको सम्झौतालाई सोही बमोजिम कार्य गर्नु पर्नेछ।

**८) सामाजिक उत्तरदायित्वः** (१) उत्पादन गर्ने संस्था ले सामाजिक सेवा बापत गर्ने रकम तथा सेवा एकद्वार प्रणली अपनाई सभापोखरी गाउँपालिकाको कार्यापालिकाको सम्पूर्ण सदस्यहरुको सर्वसहमत मा मात्र निर्णय गरी कार्यान्वयन गर्ने गराउने।

(२) नियम १ बमोजिम निर्णय हुन नसके अध्यक्ष,उपाध्यक्ष, सबै वडाअध्यक्ष तथा का.बा अध्यक्ष सहित कम्तिमा दुइ तिहाई बहुमतको आधारमा निणंय दिनु पर्नेछ।

(३) उपनियम १ र २ बमोजिमको निर्णय गर्दा तपसिल का क्षेत्रहरुमा प्राथमिकता दिइ खर्च गर्नुपर्नेछ।

क) शिक्षा
ख) स्वास्थ्य
ग) खानेपानि तथा सरसफाई
घ) आवास
ङ) कृषि तथा पशुपालन व्यवसाय
च) रोजगार
छ) युवा तथा खेलकुद
ज) वन तथा वातावरण

प्रभावित क्षेत्रका बासिन्दाहरु लाई विशेष प्रथमिकता दिइने छ। सम्झौता गर्दा सभापोखरी गाउँपालिका कार्यालयले गर्नु पर्नेछ।

## ९. अन्य आवश्यक कुराहरु

क. घर विस्थापित भएकालाई आवासको व्यवस्था गरिदिनुपर्ने।
ख. क्षति भएका जग्गावालाहरुलाई क्षतिपूर्ति दिनुपर्ने।
ग. हाइड्रोपावर निर्माण गर्ने क्रममा भइरहेका भौतिक संरचना तथा योजनाहरुमा क्षति पुगेमा पुनःव्यवस्थनपन तथा पुननिर्माण गरिदिनुपर्छ।
घ. सामूदायिक वन क्षेत्रमा क्षति भएका रुख विरुवा हरु भएमा १ विरुवा बराबर १० विरुवा रोप्न आवश्यक बजेट उपलब्ध गराउने।
ङ. प्रभावित क्षेत्रमा बसोबास गरेको सम्पुर्ण समुदायले गरेका उत्पादन तथा निर्माण वस्तु तथा सामाग्री को क्षतिपुर्ति विद्युत उत्पादकले व्यहोर्नु पर्नेछ।
च. विद्युत उत्पादक व्यक्ति वा संस्थाले क्षतिपूर्ति उपलब्ध गराउदा वा समुदायसंग गरिएका सम्झौता बमोजिम का कार्यक्रम गर्दा गराउँदा सामाजिक उत्तरदायित्वको रकममा दावि गर्न पाउने छैन। सो क्षतिपुर्ति स्वयम् उत्पादक कम्पनि संस्था वा व्यक्तिले व्यहोर्नु पर्नेछ।
छ. प्रमूख प्रभावित क्षेत्रमा खोला सुकेर माछा मार्ने पेशामा आबद्द मुख्य प्रभावित पहिचान गरि नीजहरु र विपन्न परिवारलाई उत्पादक व्यक्ति वा संस्था ले जनतासंग गरेको सम्झौता बराबरको

निशुल्क शेयर उपलब्ध गराउनुपर्ने साथै माछापालन व्यवसाय, सिपमुलक तालिम तथा रोजगार को व्यवस्था मिलाईदिनुपर्नेछ ।

ज. सामाजिक उत्तरदायित्वको रकम खर्च गर्न सभापोखरी गाउँपालिकाको कार्यालयले कार्याविधि बनाई खर्च गर्नु पर्नेछ ।

**१०. व्याख्या गर्ने अधिकारः** कार्यविधिको व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

अनुसुची-१

(परिच्छेद २ को दफा ३ सँग सम्बन्धित )

अनुमतिपत्रको दरखास्त

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सभापोखरी गाउँपालिकाको कार्यालय,
बाह्रबिसे, संखुवासभा।

जलविद्युत सर्वेक्षण, उत्पादन, प्रसारण । वितरण गर्न लागेकोले सभापोखरी गाउँपालिकाको विद्युत नियमावली, २०८१ को दफा ३, उपदफा १ बमोजिम देहायका विवरणहरु समेत खुलाई आवश्यक कागजात समेत संलग्न राखी यो दरखास्त पेश गरेको छु।

१. विद्युत प्रसारण गर्ने व्यक्ति वा संगठित संस्थाको नाम, ठेगानाः-

२. विद्युत प्रसारण गरिने विद्युत उपलब्ध गराउने परियोजन। स्थानको विवरणः-

३. विद्युत कहाँबाट कहाँ गर्ने हो सो को विवरणः-

   क) प्रदेश

   ख) जिल्ला

   ग) गाउँपालिका। नगरपालिका

४. विद्युत प्रसारणको भोल्टेज र परिमाणः-

५. काम शुरु गर्ने मितिः

६. काम समाप्त गर्ने मितिः

७. अन्य विवरणहरुः

माथि उल्लेखित व्यहोरा ठिक साँचो हो झुटा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।
संगठित संस्था भए छापः

दरखास्तवालाको

सहिः...........................

नामः-...........................

मितिः...............................

ठेगानाः.........................